बाह्रविसे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाह्रविसे, सिन्धुपाल्चोक
वागमती प्रदेश, नेपाल

## आन्तरिक आय तर्फको विद्युतीय बोलपत्र आह्वान सम्बन्धी सूचना

दोश्रो पटक सूचना प्रकाशित मितिः २०८०/०८/०७

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११घ (६) र दफा ६२(क) मा भएको व्यवस्था, बाह्रविसे नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि-२०७५, स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन, वागमती प्रदेश सरकारको प्रदेश आर्थिक ऐन, २०८० को दफा ९(१) र सो सँग सम्बन्धित अनुसूची-५, वागमती प्रदेश सरकारको नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको (संशोधन समेत) कार्यविधि-२०७५ र बाह्रविसे नगर कार्यपालिकाको निर्णयानुसार तपशिलमा उल्लेखित नदीको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी बाह्रविसे नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी आ.व.२०८०/०८१ मा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले दोश्रो पटक १५(पन्ध्र) दिने यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र न्यूनतम मूल्य नघट्ने गरी PPMO को वेबसाइट http://www.bolpatra.gov.np बाट Bid Document Download गरी मिति २०८०/०८/२२ गते १२:०० बजे सम्ममा E-bidding मार्फत् बोलपत्र पेश गर्नु हुन अनुरोध छ ।

**ठेक्का विवरण**

| आय ठेक्का नं. | ठेक्काको विवरण | आ.व.२०८०/०८१ को लागि निर्धारण गरिएको उत्खनन्/बिक्री परिमाणा (घन फिटमा) | आ.व.२०८०/०८१ को लागि निर्धारण ढुंगा, गिट्टी, बालुवा, ग्राभेल र रोडा (स्वीकृत खानी क्षेत्र बाहेक) उत्खनन्, संकलन समेत बिक्री मूल्य रू. (मू.अ.क. बाहेक) | न्यूनतम बोलपत्र रकम रू. (मू.अ.क. बाहेक) | धरौटी रकम रू. (मू.अ.क. बाहेक) | बोलपत्र दस्तुर रू. |
|---|---|---|---|---|---|---|
| BMP/NCB/G/01/2080/081 (खण्ड-क) | भोटेकोशी नदीको बाह्रविसे बजार पक्की पूलको १(एक) कि.मी.सम्मको तल्लो भाग देखि बाह्रविसे नगरपालिका तर्फको भोटेकोशी नदीको दायाँ किनारा जुरे हुँदै बलेफी गाउँपालिकाको सिमानासम्मको क्षेत्रमा (स्वीकृत खानी क्षेत्र बाहेक) ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, रोडा उत्खनन् तथा बिक्री (खण्ड-क) | अंकमाः ११७५२७२.० घनफिट। अक्षरमाः एघाह लाख पचहत्तर हजार दुई सय बहत्तर घनफिट। | अंकमा रू.९/- अक्षेरेपीः नौ रूपैयाँ । | अंकमा रू. १,१६,३५,१९२।८० अक्षेरेपीः एक करोड सोह लाख पैंतीस हजार एक सय बयानब्बे र पैसा असी मात्र । | कूल कबोल अंकको ५% ले हुन आउने रकम । | ३०००।- |
| BMP/NCB/G/02/2080/081 (खण्ड-ख) | भोटेकोशी नदीको बाह्रविसे पक्की पुलको १(एक) कि.मी.सम्मको माथिल्लो भाग देखि *(मध्यभोटेकोशी जलविद्युत आयोजनाको कसर क्षेत्रको ३०० मिटर तलमाथिको क्षेत्र बाहेक)* भोटेकोशी नदीको दायाँ-बायाँ किनारा बाह्रविसे नगरपालिका र भोटेकोशी गाउँपालिकाको सिमानासम्मको क्षेत्रमा (स्वीकृत खानी क्षेत्र बाहेक) ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, रोडा उत्खनन् तथा बिक्री (खण्ड-ख) | अंकमा २०३९०६.० घनफिट। अक्षरमाः दुई लाख तीन हजार नौ सय छ घनफिट। | अंकमा रू.९।- अक्षेरेपीः नौ रूपैयाँ । | अंकमा रू. २०१८६६९।४० अक्षेरेपीः बीस लाख अठाह हजार छ सय उनन्सत्तरी र पैसा चालीस मात्र । | कूल कबोल अंकको ५% ले हुन आउने रकम । | ३०००।- |

**पुनश्चः** ठेक्का सम्बन्धी शर्तहरु संलग्न छ । शर्त सम्बन्धी विस्तृत जानकारीको लागि यस कार्यालयको सूचनापाटी तथा यस कार्यालयको वेवसाइटः www.barhabisemun.gov.np बाट लिन सकिनेछ ।

बाह्रबिसे नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाह्रबिसे, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

**ठेक्का सम्बन्धी शर्तहरुः-**

१. माथि उल्लेखित ठेक्काको बोलपत्र भर्दा कबोल रकम अंङ्क र अक्षर दुवैमा खुलाउनुपर्नेछ। अंङ्क र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिईनेछ। साथै उक्त आय ठेक्काहरुमा जुन कबोल अंङ्क बढी हुन्छ सो कबोलकर्ताको बोलपत्र स्वकित गरिनेछ।

२. नदीजन्य पदार्थ उत्खनन् तथा संकलन प्रयोजनका लागि ठेक्का अवधि ठेक्का सम्झौता भएको मितिदेखि २०८१ असार मसान्त सम्म कायम रहनेछ । तर प्रचलित कानुन बमोजिम आषाढ, श्रावण र भाद्र महिनामा नदीबाट नदीजन्य पदार्थ उत्खनन्, तथा संकलन गर्न पाइने छैन ।

३. माथि उल्लेखित ठेक्का अङ्कको मू.अ.कर ठेक्का लिने फर्मले यस बाह्रबिसे नगर कार्यपालिकाको कार्यालयमा सम्झौता बमोजिमको रकम दाखिला गर्दा मु.अ.क.रकम समेत यसै कार्यालयमा बुझाउनु पर्नेछ र सो मु.अ.क.रकम यस कार्यालयले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

४. धरौटी बापत कबोल गरेको अंङ्कको ५(पाँच) प्रतिशत रकम यस कार्यालयको ग्लोवल आईएमई बै.लि. बाह्रबिसे स्थित धरौटी खाता नं. ०७८०४०१००००००४ मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको वाणिज्य बैंकको जमानत (बिड वण्डको सक्कल प्रति) बोलपत्रसाथ संलग्न गरी पेश गर्नुपर्नेछ । धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइने छैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसके पछि प्रचलित कानून बमोजिम फिर्ता गरिनेछ ।

५. बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम यस कार्यालयको ग्लोवल आईएमई बै.लि. बाह्रबिसे शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ०७८०४०१००००००८ मा दाखिला गर्नुपर्नेछ ।

६. कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

७. बोलपत्र दिंदा कुनै किसिमको शर्त मान्य हुने छैन ।साथै, रित नपुगी आएको बोलपत्रउपर कुनै कारवाही हुनेछैन ।

८. ठेक्कामा कुनै विवाद भएमा बाह्रबिसे नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

९. उपरोक्त ठेक्काहरुको E-Submission गर्ने बोलपत्रदाताले दाखिला गर्ने अन्तिम मिति २०८०।०८।२२ गते दिनको १२:०० बजे भित्र PDF Format मा Upload गरिसक्नु पर्नेछ । Upload भएका बोलपत्रहरु सोही दिनको २:०० बजें बाह्रबिसे नगरपालिकाको कार्यालयमा खोलिनेछ। साथै उक्त सूचना बाह्रबिसे नगरपालिकाको वेव साइट www.barhabisemun.gov.np मा राखिएको छ र बोलपत्र फाराम PPMO को वेव साइट http://www.bolpatra.gov.np/egp बाट E-Bidding मार्फत् पेश गर्न सकिनेछ।

१०. बोलपत्र फारामहरु दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन क्रमशःसोही समयमा हुनेछ ।तर बिड बण्डको मान्य अवधि सुरुकै मितिबाट कायम हुनेछ ।

११. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुँदाहरु यसै सूचनाका शर्त सरह लागु हुनेछ ।

१२. यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पूरा नभएका बोलपत्रहरु मूल्यांकनमा समावेश गरिने छैन ।

१३. नेपाल सरकार तथा वागमती प्रदेश सरकारबाट ढुंङ्गा, गिटी, बालुवा, स्लेट, ग्राभेल र रोडा घाटगद्दी एवं विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) वापतको शुल्क (कर) मा हेरफेर गरेको अवस्थामा सो शर्तहरु ठेकेदारहरुले अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।प्रदेश सरकारबाट थपघट भएको करको अनुपातमा ठेक्का अंक निर्धारण गरिने छ । सो बमोजिम पेश गर्नुपर्ने किस्ता रकम वा बैंक ग्यारेन्टी सम्बन्धित ठेकेदारले बुझाउनुपर्नेछ ।

१४. अन्य कुराहरु यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको सूचना तथा अन्य प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

१५. कूल कबोल अंङ्क मध्ये पहिलो किस्तामा बुझाउनुपर्ने रकम बाहेक बाँकी रकमको ठेक्का अवधिमा १ महिना थप २०८१ श्रावण मसान्त सम्मको बाह्रबिसे नगरपालिका कार्यालयले तोकेको निर्धारित ढाँचामा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गका वाणिज्य बैंकको जमानत (परफरमेन्स बण्ड) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी कायदिश दिइनेछ ।

१६. कायम हुन आएको ठेक्का अंक रकमको भुक्तानी तालिका देहाय अनुसार हुनेछ ।

| किस्ता | किस्ता बुझाउनु पर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो किस्ता | ठेक्का सम्झौता गर्नुपूर्व | कबोल अंङ्कको ४० प्रतिशतले हुन आउने रकम |
| अन्तिम किस्ता | २०८१ साल जेष्ठ १५ गते भित्र | कबोल अंङ्कको ६० प्रतिशतले हुन आउने रकम |

१७. ठेक्का कबोल गर्ने ठेकेदारले कार्यालयले तोकेको शुल्क उठाउँदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई, उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट शुल्क उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ ।

१८. माथि शर्त नं. ३ मा उल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम आय खातामा मू.अ.करको हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी खाता र रसिद मासिक रुपमा अर्को महिनाको ७ गतेभित्र यस नगरपालिका कार्यालयमा बुझाउनु पर्नेछ।

१९. ठेकेदारले उठाउने करशुल्क कार्यालयद्वारा तोकिएको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ। साथै दररेट सहित कार्यालयले तोकेको विवरण भएको साइनबोर्ड सबैले देखेगरी सम्बन्धित केन्द्रमा राखिएको हुनुपर्नेछ।

२०. नगरपालिकालाई बुझाउँनु पर्ने बाँकी बक्यौता भएको वा कालो सुचिमा परेको व्यक्ति/फर्मको बोलपत्र स्वीकृत गरिने छैन ।

२१. ढुङ्गा, गिटी, वालुवा, ग्राभेल, रोडा आदि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) ले निषेध गरेका स्थानमा बसी संकलन गर्न पाईने छैन ।

२२. यस नगरपालिकाको विकास निर्माण कार्यक्रम संचालन गर्ने क्रममा बाह्रबिसे नगरपालिकाले स्वयम् वा अमानतमा सवारी साधन मार्फत् वर्ष दिन भरी प्रयोग गरेको ढुङ्गा, गिटी, बालुवा, ग्राभेल, रोडा आदि र विदेशी दातृ निकायसँग भएको कर छुट सम्बन्धी सम्झौता भई संचालन हुने आयोजनामा ठेकेदारले कुनै कर लिन पाउने छैन ।

२३. जमानी वापत बोलपत्रमा आफूले भरेको रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख भएको हुनु पर्नेछ, अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

२४. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ । अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ । सो उपर ठेकेदारले कुनै किसिमको उजुर-बाजुर र हर्जना दावी गर्न पाउनेछैन ।

२५. प्रचलित कानून, सम्झौता र सूचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

२६. यस नगरपालिका भित्रका नदी, नालाबाट ढुंगा, गिट्टी, वालुवा, निकाली संकलन तथा विक्री गर्ने क्रममा नगरपालिका भित्रका पक्कीपूलको तल १००० मिटर क्षेत्रबाट निर्माण सामाग्री उत्खनन् गरी विक्री गर्न कानूनले पूर्णरुपमा प्रतिवन्ध लगाएको हुँदा कर संकलकले सो कुरालाई पूर्णरुपमा ध्यान दिनु पर्नेछ । ढुंगा, गिट्टी, वालुवा उत्खनन तथा संकलन गर्दा स्वीकृत भएको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनले नक्सांकन गरेको क्षेत्रमा तोकिएको परिमाण उत्खनन गर्न बाधा पर्ने छैन। तर प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन प्रतिकूल हुनेगरी उत्खनन तथा संकलन गर्न पाईने छैन।

२७. यस कार्यालयमा पेश हुन आएका बोलपत्र, बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभए पनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ ।

२८. बोलपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनी संचालकको नेपाली नागरिकताको प्रमाणपत्र, फर्म वा कम्पनीको व्यवसायिक नविकरण प्रमाणपत्र, स्थायी लेखा नम्वर, मु.अ.कर प्रमाणपत्रको प्रतिलिपी र कर चुक्ता प्रमाणपत्र प्रतिलिपी संलग्न राखी पेश गर्नुपर्नेछ ।

२९. बोलपत्र फाराम नियमानुसारको राजस्व रकम तिरी PPMO को वेभ साइट http://www.bolpatra.gov.np/egp बाट E-Bidding मार्फत डाउनलोड गरि पेश गर्न सकिनेछ ।

३०. ढुंगा, गिट्टी, बालुवा, रोडा आदिको संकलन तथा विक्रीका सम्वन्धमा जिल्ला स्तरीय र नगरस्तरीय अनुगमन समितिले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

३१. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।

३२. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत
बाह्रविसे नगरपालिका

# बाह्रविसे नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# बाह्रविसे, सिन्धुपाल्चोक
# वागमती प्रदेश, नेपाल

फाराम शुल्क
रु. ३,०००।–

आय ठेक्का नं. :- BMP/NCB/G/02/2080/081 (खण्ड-ख)।
आय ठेक्का शिर्षक :- भोटेकोशी नदीको बाह्रविसे पक्की पुलको १(एक) कि.मी.सम्मको माथिल्लो भाग देखि *(मध्यभोटेकोशी जलविद्युत आयोजनाको क्रसर क्षेत्रको ३०० मिटर तलमाथिको क्षेत्र बाहेक)* भोटेकोशी नदीको दायाँ-बायाँ किनारा बाह्रविसे नगरपालिका र भोटेकोशी गाउँपालिकाको सिमानासम्मको क्षेत्रमा ढुंगा, गिट्टी, बालुवा, ग्राभेल र रोडा उत्खनन् तथा बिक्री (खण्ड-ख) (स्वीकृत खानीक्षेत्र बाहेक) ।

## बोलपत्र फारम

---

मिति : ...........................

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू,
बाह्रविसे नगरपालिका
बाह्रविसे, सिन्धुपाल्चोक ।

**विषय : बोलपत्र पेश गरेको बारे ।**

तहाँ कार्यालयको मिति ..........................को शिलबन्दी बोलपत्र (E-Tender)आव्हान सम्बन्धी सूचना अनुसार म्याद भित्र तोकिए बमोजिमको फारममा बोल अङ्क खुलाई देहायको कामको शिलबन्दी बोलपत्र पेश गरेको छु। बोल अङ्कको ५% धरौटी ( अर्नेष्ट मनी) बापतको रकम त्यस कार्यालयको बैंक खातामा.............................................बैंक लि. .........................को मिति ..............................सम्म म्याद भएको बीड बण्ड काम सम्पन्न भएपछि वा ठेक्का अस्वीकृत भएपछि फिर्ता पाउने गरी रु..............................को सक्कलै बैंक भौचर/बीड बण्ड यसैसाथ संलग्न गरेको छु। अन्य कुरा निम्नानुसार उल्लेख गरेको छु।

---

ढुंगा, गिट्टी, बालुवा, ग्राभेल र रोडा (स्वीकृत खानी क्षेत्र बाहेक) को संकलन तथा बिक्री शुल्क वापत हुने कुल न्यूनतम अंक (कर तथा भ्याट बाहेक)
**जम्मा रु.२०१८६६९।४० (अक्षेरेपी: बीस लाख अठाह्र हंजार छ सय उनन्सत्तरी र पैसा चालीस मात्र)**

| ठेक्का विवरण | कूल कबोल जम्मा | | ५% धरौटी रकम |
|---|---|---|---|
| | अङ्कमा | अक्षरमा | |
| | | | |

संलग्न कागजातहरु :-
१.....................................................
२.....................................................
३.....................................................
४.....................................................
५.....................................................

बोलपत्र पेश गर्ने
फर्म वा कम्पनीको नामः-
ठेगानाः-
आधिकारिक प्रतिनिधिको नाम :-
दस्तखत :-
मितिः-
कम्पनीको छापः-